# श्री भैरव माध्यामिक विद्यालय

**भगवतीमाई-७, वडाभैरव, दैलेख**

**कर्णाली प्रदेश नेपाल**

**शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/०१/१९**

यस विद्यालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार ल्यापटप र विज्ञान प्रयोगशाला सामग्रीहरुको खरिद कार्य शिलवन्दी दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त फर्म वा सप्लायर्सवाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (२०७९/०२/०३ गते) भित्र कार्यालय समयमा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७७/७८ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस विद्यालयको लेखा शाखामा नगदै बुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ।

२. खरिद भएका दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७९/०२/०४ गते) को १२:०० बजे भित्र सिलबन्दी खाममा लाहाछाप गरी विवरण प्रष्ट खुलाई यस विद्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे यस विद्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिनहुनेछ।

३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस विद्यालयको खाता नं. १७७००१०१०३०३६२००००००२ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानीपत्र (बिडवण्ड) पेश गर्नु पर्नेछ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही हुने छैन।

५. दरभाउपत्र दाताबाट दरभाउ पत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन। साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ।

६. यस विद्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र भगवतीमाई गाउँपालिका सार्वजनिक खरिद नियमावली (पहिलो संशोधन), २०७८ र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ।

८. अन्य कुरा वझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिने छ।

**तपसिल:**

| ठेक्का नम्वर | कामको विवरण | लागतअनुमान (मू.अ. कर बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| BSS/Laptop/SQ/02/2078/079 | ल्यापटप खरिद कार्य | ११९०२००.०० | ३५०००।०० | १०००। | |
| BSS/SLG/SQ/03/2078/079 | विज्ञान प्रयोगशाला सामग्री खरिद कार्य | १२११११९०.०० | ३८०००।०० | १०००। | |

सम्पर्क: पुर्णवहादुर भण्डारी प्र.अ. (मो.नं. ९८६८९१०७९५)

प्रधानाध्यापक

Scanned with CamScanner